विषयवस्तुहरु

१. ल्याण्ड पुलिङ सम्बन्धमा
२. सम्पत्ती मुल्यांकन सम्बन्धमा
३. समिति गठन सम्बन्धमा
४. साईराम चोक – चम्पादेवी पाउ सडक ठेक्का रद्द गरि उक्त योजनाका लागि विनियोजित बजेटबाट वडा नं. ४ को कार्यालय भवन स्तरोन्नति सम्बन्धमा
५. नगर प्रवक्ता तोक्ने सम्बन्धमा
६. फोहोर व्यवस्थापन सम्बन्धमा
७. राष्ट्रिय परिचयपत्रको सेवा विस्तार सम्बन्धमा
८. विष्णुदेवी अस्पतालमा चिकित्सक पदपूर्ती गर्ने सम्बन्धमा
९. बागमती प्रदेश सरकारको आगामी आ.व. समपुरक अनुदान योजना संसोधन सम्बन्धमा
१०. विविध

निर्णय नं. १

गत विगतमा नगरपालिकाबाट निर्णय भई वडा नं. ३, ४ र ९ को करिव २८०० रोपनी जग्गामा एकीकृत जग्गा विकास योजना कार्यन्वयनका विषयमा थप अध्ययन गरी आजका मितिले ३५ दिनभित्र प्रतिवेदन पेश गर्ने गरि तपशिल बमोजिमको ५ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो । साथै उक्त कार्यदलले आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

क) ४ नं. वडा अध्यक्ष, श्री श्यामकुमार अधिकारी - संयोजक
ख) ३ नं. वडा अध्यक्ष, श्री सुबिन्द्र महर्जन - सदस्य
ग) ९ नं. वडा अध्यक्ष, श्री दिनेश श्रेष्ठ - सदस्य
घ) योजना तथा प्राविधिक शाखा प्रमुख - सदस्य
ङ) नक्सा उप – शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. २

वैदेशिक प्रयोजनका लागि सम्पत्ती मुल्यांकन गर्दा वडामा खटिएको प्राविधिक कर्मचारीले गरेको मुल्यांकनका आधारमा गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

घर दैलोमा नै सेवा पुऱ्याउने उद्देश्यले आगामी २०७९ साल असार महिनाको पहिलो हप्ताभित्र प्रत्येक वडामा २/२ बटाका दरले राष्ट्रिय परिचयपत्रको दर्ता केन्द्र सञ्चालन गरि सेवा विस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

विष्णुदेवी अस्पतालमा करार सेवामा कार्यरत मेडिकल अधिकृत २ जनाले २०७९ असार मसान्तबाट लागु हुने गरि आफ्नो पदबाट राजीनामा दिएको कुरालाई मध्यनजर गरि नगरबासीहरुको स्वास्थ्य सेवालाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा प्रवाह प्रभावित नहुने गरि "कीर्तिपुर नगरपालिकामा करारमा प्राविधिक तथा परियोजनामा कर्मचारी र सामाजिक परिचालक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" बमोजिम तत्काल करारमा पदपूर्ती प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

बागमती प्रदेश सरकारको आगामी आ.व. २०७९/८० का लागि प्रस्तावित समपुरक अनुदान योजना अन्तरगत पाँगा - चारघरे – पाण्डेछाप सडक सुधार र **दहन – चारघरे – पाण्डेछाप सडक सुधार** योजनाहरु एकै स्थानमा दोहोरो पर्न गएकोले **दहन – चारघरे – पाण्डेछाप सडक सुधार योजनालाई** संशोधन गरि **कीर्तिपुर पोलिटेक्निकल ईष्टिच्युट स्थापना** गर्न संशोधित प्रस्ताव पठाउने निर्णय गरियो ।

Scanned with CamScanner